मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ ● अंक २८ ● २०८० साल मंसिर ३० गते शनिबार ● Saturday 16, December 2023 ● सूर्योदय: बिहान ६:४६ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# प्रदीपमाथि पर्सामै 'हेडक्वार्टर'को प्रहार !

# उपेन्द्र यादवले मिलाए राजेश र रामनरेश

## प्रदीपमाथि लगातार प्रहार

जनता समाजवादी पार्टी (जसपा) का प्रभावशाली युवा नेता तथा सांसद प्रदीप यादव अध्यक्ष उपेन्द्र यादवसँग दूरी बढाएको विषयमा लगातार कारबाहीमा परिरहेका छन् । पार्टीले मन्त्री नबनाएको भन्दै यादव निकट नेता कार्यकर्ताले पार्टी अध्यक्षविरुद्ध नाराबाजी गर्दा २०७८ मंसिर ५ गते प्रदीप कारबाहीमा परेका थिए । पार्टी अध्यक्षको पुत्ला नै जलेको त्यो प्रकरणपछि यादवमाथि पार्टीको झण्डासमेत जलाउन संलग्न भएको आरोपमा केन्द्रीय सदस्यबाटसमेत निलम्बन गरिएको थियो । यद्यपि उनले पार्टी झण्डा जलाउने कामको खण्डन गरेका थिए । उनको कारबाही फुकुवा चैँ २०७८ फागुन ३० गते भएको थियो । त्यतिखेर पार्टीमा बाबुराम भट्टराई पनि थिए । यसपटक पनि प्रदीप मन्त्री हुने चर्चा थियो तर पछि मन्त्री हुन रोकिए । अध्यक्ष यादवको अरुचिका कारण यादव मन्त्री हुन रोकिएर प्रमुख सचेतकका रुपमा नियुक्त भए । पर्सामा समानान्तर गतिविधिमा यादवकै नेतृत्व भएपछि अध्यक्ष उपेन्द्र स्वयम् पर्सा आएर उनको समूह फुटाएर प्रहार भएपछि अब प्रदीपको राजनीतिक सक्रियता कस्तो हुन्छ, मेयर संस्थापनतिर सक्रिय हुँदा प्रदीपसँगका नेता कार्यकर्ता के गर्छन्, चासोको विषय बनेको छ ।

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष एवम् बारा–२ बाट निर्वाचित सांसद उपेन्द्र यादव पछिल्लो ४८ घण्टा वीरगंज आसपासमा सक्रिय छन् । तर उनको कुनै औपचारिक कार्यक्रमको चर्चा छैन ।
यसअघि जनकपुर आएर महोत्तरी, सप्तरी, धनुषामा केही औपचारिक कार्यक्रम र आन्तरिक छलफलमा सहभागी यादवको त्यहाँको बसाइबारे पनि खास मिडियामा समाचार आएन । अहिले उनी बारा र पर्सामा छन् । यहाँ पनि उनको औपचारिक कार्यक्रम र आगमनको चर्चा कम छ ।
यादव भित्रभित्रै भने पार्टी काममा सक्रिय रहेको पाइएको छ । उनको यो गुपचुप सक्रियताले पार्टीका जिल्ला तहमा भने उथलपुथल आउने शंका गरिएको छ । यद्यपि उनी बिहीबार नै पर्साको मिसनमा सफल भएर शुक्रबार बाराका कार्यक्रममा सहभागी भएको पाइएको छ ।
तपाईं वीरगंज बजारतिर हुँदा कतै नेताको होर्डिङ बोर्ड देख्नु भयो भने, त्यहाँ दुई नेताको तस्बिर देख्न पाउनु हुनेछ ।
एकातिर वीरगंज महानगरका नगरपिता राजेशमान सिंह र





प्रदीप यादव
प्रमुख सचेतक, जसपा

अर्कातिर जसपाका प्रभावशाली युवा नेता, पूर्वमन्त्री, सांसद प्रदीप यादव । पर्सामा राम्रो पकड बनाएका जसपाका प्रभावशाली नेताहरु प्रदीप यादव र राजेशमान सिंहको जोडी कतै अब फुट्ने पो हो कि भन्ने आशंका देखिएको छ । यसमा मेहनत भने स्वयम् पार्टी अध्यक्ष यादवले नै गरेका छन् । यदि अर्को 'तरंग'ले काम गरेन भने अब पार्टी 'हेडक्वार्टर' अर्थात अध्यक्ष यादवले महानगर प्रमुख सिंहलाई यादवबाट छुटाएर आफतिर तान्न सफल भएका छन् ।
स्रोतका अनुसार, बिहीबार यादव महानगर प्रमुख सिंहको घरमै गएका थिए । त्यहाँ जसपा पर्साका अध्यक्ष रामनरेश प्रसाद यादव पनि आएका थिए । महानगरमा पार्टीबाट जितेका वडाध्यक्षहरु पनि थिए । उपेन्द्र, राजेशमान र रामनरेशबीच पार्टीको संस्थापन पक्षलाई बलियो बनाएर जाने विषयमा छलफल भएको बताइएको छ । स्वयम् पार्टी अध्यक्ष यादव नै महानगरका मेयर, पार्टी केन्द्रीय सदस्यका घरमा आउछु भनेपछि सिंहले पनि कुनै आनाकानी गर्ने विषय रहेन । तर पर्साको जसपा राजनीतिमा सँगै उभिन नसकेका राजेशमान र रामनरेश पनि अध्यक्षको मन्त्रणापछि एक भएर तस्बिर बाहिरिएपछि यसले पर्सा राजनीतिमा भने नयाँ तरंग पैदा गरेको छ । रामनरेशसमेत राजेशमानको घरमा जाँदा नेता प्रदीप यादव भने पर्सा बाहिर थिए । स्रोतका अनुसार, राजेशमान अब अध्यक्षको पक्षमा रहेर रामनरेशलाई पार्टी अध्यक्षकै रुपमा स्थापित गर्दै जसपामा सक्रिय हुने उनीनिकट स्रोतले बताएको छ ।
मेयरको घरमा भएको छलफलबारे आधिकारिक केही

बाँकी पृष्ठ २ मा

## वैभव

शनिबार ४ पृष्ठको वैभव



- वीरेन्द्र रमण - **मोही लेल सजनी मोरा मनमा पहुनामा राघो...**
- महेश कठायत - पर्यटन विकासः **आर्थिक समृद्धिको आधार**
- टिकाराम सुनार र शंकर पहाडी - **घट्दै पानीको स्रोत**
- सञ्जय साह मित्र - **पाँच भाषाका पाँच रामायणको आलोकमा जानकी विवाहमा दहेजको प्रसङ्ग**

# दुई बलात्कार, समाज कलंकित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको सिरहा र धनुषामा दुई बालिका बलात्कारका घटनाले सिंगो मधेशमा छोरीहरु असुरक्षित रहेको देखाएको छ । सबैभन्दा दुःखलाग्दो विषय त यो छ कि, चिनजानका छरछिमेकसँग पनि छोरी पठाउन अभिभावकले एक पटक होइन, पटकपटक सोच्नु पर्ने भएको छ ।
धनुषामा ठूलो रकम बेरुजु राख्ने पालिकाहरुमा एक नम्बरमा रहेको सबैलामा छोरीहरु पनि असुरक्षित रहेको देखिएको छ । वडा नम्बर ९ मा ६ वर्षीया बालिकाको क्रुर हत्या भएको छ । सबैला नगरपालिका–९ कुसमहा सतोखरमा बालिकाको हत्या भएको हो । बालिकाको शव नग्न अवस्थामा सतोखर पोखरी नजिक खाल्डोमा जमेको पानीमा बिहीबार राति भेटिएको हो ।
प्रहरी प्रवक्ता रञ्जन अवालेका अनुसार, बालिकाको बलात्कारपछि हत्या भएको हुनसक्ने प्रहरीको अनुमान छ । शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ ।
घटनामा संलग्न आशङ्कामा दुई जनालाई पक्राउ गरिएको छ ।
उता, सिरहाको विष्णुपुर गाउँपालिका–१ बजारमा रहेको बोर्डिङ स्कुलको होस्टेलमा शिक्षकबाटै बालिका बलात्कारमा परेकी छिन् । रोज बोर्डिङ स्कुलको होस्टलमा खाना पकाउने महिलाकी १४ वर्षीया छोरीलाई बिहीबार मध्यराति शिक्षक रञ्जित यादवले बलात्कार गरेका हुन् । उनी आमालाई पालो दिन होस्टलमा भात पकाउन गएकी थिइन् । घटनापछि शिक्षक यादव भागेका छन् ।
बालिकाले राति नै आमालाई फोन गरेर घटनाबारे जानकारी गराएकी थिइन् । शुक्रबार बिहानै उनकी आमा स्कुल पुग्दा शिक्षक यादव फरार भइसकेका थिए । स्कुलका सञ्चालक सञ्जय यादवले बोर्डिङ र आफूहरूको बेइज्जत हुने भन्दै मिलापत्र गर्न दबाब दिएको बताइएको छ । सञ्चालकको दबाबको बाबजुद पीडितकी दिदीले भनिन्, 'शिक्षकले ठूलो अपराध गरेका छन् । म न्यायका लागि लड्छु । कसैको दबाबमा पर्दैनौँ ।'
पीडित बालिका सामुदायिक विद्यालयको कक्षा ९ मा पढ्छिन् । घरमा कामले फुर्सद नभएपछि आमाले नै उनलाई स्कुलको होस्टलमा गएर एक दिनका लागि खाना पकाइदिन पठाएकी थिइन् । बलात्कार आरोपी शिक्षक यादव सिरहा नगरपालिका १७ पटेर्वाका हुन् । घटनापछि स्कुल सञ्चालकले नै शिक्षकलाई भगाएको बालिकाको आफन्तको आरोप छ ।
सिरहा र धनुषामा भएका यी दुई बलात्कारको घटनाले सिंगो मधेशमाथि कलंकको टीको लागेको छ । एकातिर विश्वले भगवान मान्ने सीतालाई छोरी मानेर विवाहपञ्चमीको महोत्सव चलिरहेका छ, अर्कातिर यही भूगोलमा शिक्षक र छरछिमेककै शिक्षित समुदायबाट पाँच वर्षीया र १४ वर्षीया बालिकालाई बलात्कार र हत्यासम्मको अपराधले सिंगो समाजले शिर निहुराउनु पर्ने अवस्था बनेको छ ।



# मोही लेल सजनी मोरा मनमा पहुनामा राघो.....



वीरेन्द्र रमण



विवाह दुई व्यक्तिमध्यको सामाजिक, धार्मिक अथवा कानुनीरूपबाट एकअर्का सँगै जीवन व्यतीत गर्ने सम्बन्ध हो । विवाहले दुई परिवारबीच नयाँ नातासम्बन्ध जोड्ने काम गर्छ । सांसारिक जीवनलाई अगाडि बढाउन विवाहको महत्वपूर्ण भूमिका छ । सांसारिक जीवनबाट आफूलाई साधुसन्तहरुले अलग राख्ने गरेका छन् । तर जनकपुरको सन्दर्भमा भने फरक आस्था रहने गरेको छ । सन्तको नगरीका रुपमा परिचय बनाएको जनकपुरमा भने विवाह महोत्सवको छुट्टै रौनकता रहने गरेको छ । सात दिनसम्म मनाइने विवाहपञ्चमी महोत्सवलाई मिथिलावासीले उतिकै उत्साहपूर्ण रुपमा मनाउने गरेका छन् ।

भगवान राम र सीता वैष्णव धर्ममा उपासना गरिने नाम हो । तर मिथिलामा त्यो उपासना भन्दा पनि नातासम्बन्धका रुपमा व्याख्या गरिएको छ । अर्थात् संसारका लागि राम भगवान हुन् भने मिथिलाका लागि राम ज्वाइँ र भिनाजु हुन्, सीता छोरी र बहिनी । यसैले सांसारिक जीवनबाट विरक्तिएका साधु यो महोत्सवमा अग्रसरताका साथ सहभागिता जनाउनुका साथै आफ्नो छोरीचेलीको जसरी विवाह हुन्छ, त्यसैगरी सहभागिता जनाउने गर्छन् ।

जनकपुरमा विवाहपञ्चमी महोत्सव सातदिने कार्यक्रम गरी मनाउने गरिन्छ । मिथिलामा प्रचलित मौलिक र वैदेशिक पद्धतिअनुसार विवाहपञ्चमी महोत्सव मनाउने गरिन्छ । हास्य विनोद र वैवाहिक मंगलपूर्ण अवस्थाबीचमा मनाउने गरिएको छ । सीतारामको विवाह त्रेता युगमा भए पनि जनकपुरमा विवाहपञ्चमी महोत्सव हेर्न आउने जो कोही श्रद्धालुलाई लाग्छ, महोत्सव आज भइरहेको छ अर्थात् वैवाहिक कार्यक्रम आज भइरहेको छ । त्यो घटना त्रेतामा होइन कि आज भइरहेको जस्तो लाग्छ ।

महाज्ञानी जनकको राजधानी मिथिलाको महत्व पुराणमा पनि उल्लिखित छ । उनको विदेह राज्यको उल्लेख शतपथ ब्राह्मण र वृहदारण्यक उपनिषदमा पनि भएको छ । वाल्मीकि रामायणमा पनि मिथिलाको प्रशंसा गरिएको छ । बृहत विष्णुपुराणमा मिथिलाको एक दर्जन नाम उल्लेख गरिएको छ । जस्तै मिथिला, तिरहुत, विदेह निमिकान्न, ज्ञानक्षेत्र, कृपापीठ, स्वर्णलांगल, जानकी जन्मभूमि, निरपेक्ष, रामानन्दन विश्वभावनी, नित्यमंगला उल्लेख छ । मिथिला महाम्यअनुसार मिथिलाको मकार विश्वकर्ता विधाताको वाचक हो, थकार स्थिति वाचक विष्णुको र लकार लयकर्ता महेश्वरको । यस प्रकार त्रिदेवात्मक मिथिला सबै किसिमको पाप नष्ट गर्ने नगरका रुपमा प्रख्यात भएको हो । भविष्यपुराणका अनुसार यस नगरी बसाएका कारणले यहाका राजालाई जनक भनियो ।

सीताका पिताको नाम शिरध्वज थियो तर उहाँको त्यो नाम भन्दा पनि जनकको नामबाट बढी प्रख्यात भएर नगरीको नामसमेत जनकपुर रहन गयो । यसो त जनकपुरमा हरेक महिना कुनै न कुनै पर्व त्योहार हुने गरेको छ । तर विवाहपञ्चमी महोत्सवको आफ्नै रौनकता रहने गर्छ । यहाँ विशेष उल्लासपूर्णरुपमा मनाउने गरिएको छ । सात दिनसम्म मनाउने विवाहपञ्चमी महोत्सवमा भने टाढाटाढाबाट श्रद्धालु आउने गरेका छन् भने सात दिनसम्म जनकपुरको वैवाहिक वातावरणमा जनकपुरबासी रम्ने गरेका छन् ।

**नगर दर्शन**

विवाहपञ्चमी महोत्सवको पहिलो दिन नगर दर्शन गरिने गरिएको छ । विवाहपञ्चमीको पहिलो दिन जानकी मन्दिरको प्राङ्गणमा दुई बालकलाई रामलक्ष्मण बनाएर नगर दर्शन गराइन्छ । त्रेता युगमा भारत अयोध्याका राजकुमार भगवान श्रीरामसँगै भाइ लक्ष्मण र गुरु विश्वामित्र मिथिला राजधानी जनकपुरधाम आएको सम्झनामा नगर दर्शन गराउने गरिन्छ । गुरु विश्वामित्र, श्रीराम र लक्ष्मणको पहिरन तथा साजसज्जा गरी जानकी मन्दिर परिसरभित्र संकेतिक रुपमा नगर भ्रमण अर्थात् नगर दर्शन गराइएको हुन्छ । राम गुरु विश्वमित्र र भाई लक्ष्मणका साथमा जनकपुर आउँदा जनकपुर नगरको वैभव हेरेर निकै मोहित हुनुभएको थियो । जनकपुर नगरको छेउमा निर्माण गरिएको स्थलमा बास बसेपछि उहाँले टाढैबाट नगर वैभव हेर्नु भयो । त्यसपछि गुरुलाई भन्नु भयो, 'भाईका साथ नगर हेर्न जान्छु । भाई लक्ष्मणको पनि नगर हेर्ने निकै अभिलाषा थियो । केही समय भाईलाई नगर हेराएर फर्किन्छु ।' त्यसपछि गुरुको आज्ञापछि राम लक्षण नगर हेर्न आउनु भयो । जसको विषयमा तुलसीदासकृत रामायणमा सविस्तार उल्लेख गरिएको छ ।

*लखन हृदयं लालसा विशेषी । जाई जनकपुर आइअ देखी ॥*

*प्रभु भय बहुरि मनिहि सकुचाही । प्रकट न केहहिं मनहिं मुसुकाहीं ॥*

पहिला पहिला पूरै नगरभरिमा नै राम लक्ष्मणको मानवको प्रतिमा बनाइएको थियो भने पछि जानकी मन्दिरमा नै नगर निर्माण गरि कार्यक्रम गरिन्छ । जनकपुरका गल्लीमा जाँदा त्यहाँ रहेका पसलमा कसैले मिठाई त कसैले पान दिएर स्वागत गरेको दृश्य देखाउने गरिन्छ । जानकी मन्दिरमा दर्शनार्थीको भिड हुन्छ । भगवानमाथि पुष्पको वर्षा गरिन्छ भने गीतसंगीतको समेत कार्यक्रम गरिन्छ ।

**फूलबारी प्रसंग**

रामसीताको पहिलो भेट भएको नै फूलबारीमा हो । रामलक्ष्मण आफनो गुरु पुजनका लागि फूल टिप्न फूलबारीमा आउनुहुन्छ भने त्यही समयमा गिरिजा पुजन गर्न सीता फूल टिप्न फूलबारीमा आउनु हुन्छ । रामलक्ष्मण जानकी मन्दिरको प्रांगणमा रहेको फूलबारीमा त्यहा सीतासँग भेट हुन्छ । पहिलो सखीसँग संवाद हुन्छ । त्यो घटनालाई समेत लिलाको माध्यमबाट देखाउने गरिएको छ । फूलबारीमा फूल टिप्न आफ्नो सखीको साथमा सीता आउनुहुन्छ । त्यो समयमा सीताको एक जना सखीले रामसँग भेट भएको सुनाउने गर्छन् । त्यसपछि राम र लक्ष्मणसँग सीताको समेत भेट हुन्छ । राम र सीताबीच पहिलोपटक बगैँचामा भेटघाट भएको पौराणिक कथाका आधारमा फूलबारी लिला कार्यक्रम गर्ने प्रचलन छ । फूलबारी लिला हेर्न हजारौँको संख्यामा श्रद्धालु भक्तजनको भीडभाड हुन्छ । रामायणमा समेत यस प्रसंगलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । सीताले त्यो फूलबारीमा रामलाई देखेपछि उहाँ पुजनका लागि फूलबारीकै छेउमै रहेको गिरिजा भवानीको मन्दिरमा पुग्नु भयो । मनमनै आफ्नो श्रीमान्को रुपमा राम नै भेटोस् भन्ने अभिलाषाका साथ पुजन गर्नु भयो । त्यो समयमा उहाँलाई गिरिजाले आर्शिवाद दिएका थिए कि राम नै तिम्रो श्रीमान बन्नु हुन्छ । विवाहसँग जोडिएको यस प्रसंगलाई सीताराम विवाहपञ्चमी महोत्सवक्रममा लिलामार्फत देखाउने गरिन्छ । जानकी मन्दिरको छेउमा विवाहमण्डपमा रहेको फूलबारीमा यो प्रसंग देखाउने गरिएको छ । गीतसंगीतका माध्यमले देखाउने गरिएका कारण ठूलो संख्यामा श्रद्धालु आउने गरेका छन् । तुलसीदासकृत रामायणमा यस प्रसंगलाई सविस्तार वर्णन गरिएको छ । त्यसैगरी सीतालाई गिरिजा भवानीले दिनु भएको आर्शिवादलाई समेत काव्यात्मक शैलीमा लेखिएको छ ।

*मुन जाहिं राचेउ मिलिहि सो बरु सहज सुन्दर सांवरो ।*

*करुना निधान सुजान सिलु सनेहु जानत रावरो ॥*

**धनुष भंग**





विवाहपञ्चमीको तेश्रो दिनमा मनाउने महत्वपूर्ण विधि हो धनुष भंग । सीता सानै उमेरमा हुँदा कुनै पनि वीरले उठाउन नसकेको निकै पुरानो शिवले दिएको धनुषलाई सीताले बाया हातले उठाउँदै दाँया हातले लिपपोत गर्दै गरिरहनु भएको थियो । राजा जनकको दरबारमा त्यो धनुषको पूजा हुने गरेको थियो । धनुषा एकै ठाउँमा वर्षौंदेखि राखिँदा वरिपरि फोहोर लागेको थियो । सीताले त्यसलाई सफाइ गरेर त्यो ठाउँ सफा बनाउनु भयो । एकदिन राजा जनकले त्यो दृश्य आफ्नै आँखाले हेर्नु भयो । उहाँलाई निकै आश्चर्य लाग्यो । आखिर यतिको वीरले उठाउने नसक्ने शिव धनुषलाई यो सीताले एकै हातले कसरी उठाइन् ? उनले त्यो बेला मनमनै प्रतिज्ञा गरे, 'यो धनुषमा जसले प्रत्यञ्चा चढाउँछन्, त्यही व्यक्तिसँग छोरीको विवाह गर्छु ।' जनकपुरमा ठूलो यज्ञ आयोजना गरियो । यज्ञमा धनुष उठाउन र प्रत्यञ्चा चढाउन देशविदेशका वीरहरु आए । भनिन्छ रावणसमेत आए । तर कसैले त्यो धनुषमा प्रत्यञ्चाको त कुरै छाडौँ, धनुष हल्लाउनसमेत सकेनन् । निकै निरास भए जनक । आखिर प्रतिज्ञा खेर जाने त होइन ? कुनै पनि वीरले शिव धनुष उठाउन सकेनन् । अन्तिममा रामले धनुषलाई उठाएर प्रत्यञ्चा चढाउन खोज्दा धनुष भाँचियो । सारा भूमण्डलमा रामको जयजयकार भयो । सीताले आफ्नो वरमाला रामलाई लगाउनु भयो । रामले सीतालाई वरमाला लगाइदिनु भयो । यो दृश्यलाई जानकीमन्दिरमा आयोजना गरिने भव्य कार्यक्रमका बीचमा देखाउने गरिन्छ । जो सीताराम विवाहपञ्चमी महोत्सवको महत्वपूर्ण विधिका रुपमा समेत लिने गरिन्छ । सीता विवाहपञ्चमी महोत्सवको महत्वपूर्ण रुपमा समेत लिने गरिन्छ ।



**तिलकोत्सव**

क्रमशः पृष्ठ (ख) मा

# मोही लेल सजनी मोरा .......



मिथिलामा तिलकोत्सव विधि निकै महत्वपूर्ण विधिका रुपमा स्थापित छ । विवाहको औपचारिक छिनोफानोको रुपमा यसलाई लिने गरिन्छ । यस दिन जानकी मन्दिरबाट साधुसन्तको सहभागितामा जानकी मन्दिरकाट भार लिएर राम मन्दिर जाने गरिन्छ । त्रेता युगमा भगवान राम र सीताको विवाह भएको स्मरणमा प्रत्येक वर्ष मनाइने विवाहपञ्चमी महोत्सवअन्तर्गत तिलकोत्सव विधि महत्वपूर्ण विधिको रुपमा लिने गरिन्छ ।

राम मन्दिरको प्राङ्गणमा आयोजित तिलकोत्सव कार्यक्रममा जानकी मन्दिरबाट 'भार' लिएर जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव पुग्ने गर्छन् । तिलकोत्सवमा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव र अयोध्या दरबारको प्रतिनिधित्व गर्ने जनकपुरधामस्थित राम मन्दिरका महन्थ राम गिरीले अंकमाल गर्दै सम्धीमिलन
गर्छन् । दुई महन्थ अंकमाल गर्ने कार्यलाई मिथिलामा सम्धी (समधी) मिलन भन्ने गरिन्छ । स्थानीय राम मन्दिरमा निर्माण गरिएको भव्य पाण्डालको बीचमा यो विधि गरिन्छ । त्यहाँ उपस्थित रहेका साधुसन्त र महिलाबीचमा हास्यपरिहास्यसमेत हुने गरेको छ । यसले तिलकोत्सवलाई महत्वपूर्ण बनाउन मदत गरेको छ ।

**जानकी मन्दिरबाट फलफूल, मिष्ठान्न**

परिकारलगायतका सैयौँ पाहुनाका साथ श्रद्धालु राम मन्दिरको प्राङ्गणमा पुगी तिलकोत्सव कार्यक्रममा सहभागी हुन्छन् ।

**मटकोर**

सीताराम विवाहपञ्चमी महोत्सवक्रममा मटकोर विधिसमेत गरिन्छ । विवाहको अत्यन्त जरुरी विधि



हुन्छ मटकोर । जसमा दुवै पक्षलाई विवाहका निम्ति तयार पार्ने काम हुन्छ । पवित्र, स्वच्छ वातावरणमा गरिन्छ । यस दिन विवाहका लागि निर्माण गरिने



विवाहमण्डपमा वेदी अर्थात विवाह हुने स्थलका रुपमा यसलाई तयार गरिन्छ । वेदीको छेउमा सिन्दुर दान अर्थात विवाह गरिन्छ । यस दिन जानकी मन्दिरबाट श्रद्धालुको उपस्थितिमा गीतसंगीत गर्दै गंगासागरमा किशोरीको प्रतिमा बनाएर लगिने गरिन्छ । त्यहाँसमेत गीत संगीत हुँदै मटकोर विधि गरिन्छ । प्रसादस्वरुप श्रद्धालुलाई चना बाँडिन्छ ।

**सीता स्वयम्वर**

विवाहपञ्चमी महोत्सवको सबै दिन महत्वपूर्ण छन् । यस्तै विधिका रुपमा महत्वपूर्ण रहेको छ सीता स्वयम्वर । यस दिन दिउँसो जानकी मन्दिरबाट सीताको प्रतिमालाई चाँदीको विशेष डोलामा राखेर स्थानीय रंगभूमि मैदानमा लगिन्छ । त्यहाँ राम मन्दिरबाट समेत डोला ल्याउने गरिन्छ । अन्य मठमन्दिरबाट ल्याइएको डोलालाई समेत एकै ठाउँमा राखेर माला साटासाट गरिन्छ । नगरभरको सर्वसाधारणसहित लाखौँको संख्यामा श्रद्धालु आउने गरेका छन् । पहिला हात्ती घोडाबाट जन्ती निस्कने गरिन्थ्यो । विस्तारै घोडा हात्ती हराउन थालेपछि अहिले आधुनिक सवारी साधन लिएर जन्तीमा सर्वसाधारण सहभागिता जनाउने गर्छन् । सबैतिरको जन्तीमा मन्दिरका महन्थको सहभागिता रहने गर्छ । त्यसपछि नगर क्षेत्रको सर्वसाधारणसमेत आआफ्नो सवारी साधनको माध्यमबाट नगर परिक्रमा र शोभा यात्रामा सहभागिता जनाउने गरिन्छ । वैवाहिक समारोह अवधिभर जनकपुर दुई भागमा विभाजित हुने गर्दछ । जानकी मन्दिर दुलही पक्ष र

राम मन्दिर दुलाहा पक्ष बन्छ । अयोध्याबाट आउने साधुसन्त राम मन्दिरमा बास बस्छन् र वैवाहिक समारोहमा जन्ती बनेर जानकी मन्दिर पुग्छन् । जानकी मन्दिरमा छोरी पक्षले जन्तीलाई भव्य स्वागत

गर्छन् । ऐतिहासिक बाह्रबिघा मैदानमा सीतारामको स्वयम्वर राजकीय स्वरुपमा हुन्छ ।

राममन्दिरबाट भगवान रामको डोला र जानकी

मन्दिरबाट माता सीताको डोलालाई सैयौँ श्रद्धालुको साथमा मैदान लगिन्छ र सीताको डोलाले रामको डोलालाई चारफेर घुमेर परिक्रमा गरेपछि माला लगाएर स्वयम्वर सम्पन्न हुन्छ । स्वयम्वर विधि सम्पन्न भएपछि दुवै डोला मन्दिर फर्किन्छन् । स्वयम्वरका दिनमा निस्कने गरिएको शोभा यात्रामा रहेक श्रद्धालुको मुखबाट गीत सुन्न सकिन्छ ।

आजु मिथिला नगरिया नेहाल सखिया

चारु दुलहामे वरका कमाल सखिया !

जो मिथिलामा राम र सीताको सम्बन्धलाई दर्शाउने गरिन्छ । शोभा यात्रामा सहभागी साधु सन्त तथा स्थानीयवासीले फूल वर्षाएर रामजानकी विवाह महोत्सवमा साथ दिने गरेका छन् । जनकपुरमा मैथिली गित 'आजु जनकपुर मंगल ....दुलहा बनल श्रीराम हेऽऽऽ...' गुञ्जयमान हुन्छ ।



**विवाह**

विवाहपञ्चमीका दिनमा महत्वपूर्ण विधिका रुपमा विवाह हुने गरिन्छ । साँझ जानकी मन्दिरमा आयोजना गरिने कार्यक्रममा लाखौँको संख्यामा श्रद्धालु सहभागी हुन्छन् । भव्य वैवाहिक पण्डालमा  कार्यक्रम आयोजना गरिन्छ । मैथिली लौकिक र वैदिक परम्पराअनुसार विधि गर्ने गरिन्छ । मिथिलामा प्रचलित विवाह विधिअनुसार विवाह गरिन्छ । खास गरेर दुलाहाको परीक्षण, सिन्दुर दान ओखल कुट्ने जस्ता विधि गरिन्छ । विवाहमा जसरी वैदिक परम्परा हुन्छ, त्यस अनुसारले वैदिक परम्परा गरिन्छ भने लौकिक आधारमा समेत गरिन्छ । विवाहमा उपस्थित श्रद्धालु यसको आनन्द लिन्छन् भने महिला गीत गाएर आनन्दानुभूति लिने गर्छन् । भगवान् रामको चरित्र लौकिक र अलौकिकरूपमा लोकमानसमा अंकित छ । अलौकिक रूपमा रामलाई निर्गुण ब्रह्म एवम् सगुण विष्णु मानिएको छ भने सीतालाई शक्तिस्वरूपा, बुद्धिरूपा, ब्रह्ममयी र योगमायाको सङ्ज्ञा दिइएको छ । सीतालाई छोरी–बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुने गरेका छन् ।

एउटा आश्चर्यको कुरा के छ भने मिथिलाका ८० प्रतिशतभन्दा अधिक नाममा रामको 'र' अथवा सीताको 'स' पाइन्छ । 'र' एवम् 'स' मिथिलावासीको चेतन, अवचेतन र अचेतनसम्म पुगेको दृष्टिगोचर हुन्छ । मिथिलामा कुनै पनि धार्मिक, सांस्कृतिक अनुष्ठानमा सीतारामको चर्चा आवश्यक मानिन्छ । त्यसैले पनि मिथिलामा प्रत्येक दुलाहालाई राम र प्रत्येक दुलहीलाई सीताका रूपमा विवाह गर्ने चलन छ । यसो तर मिथिलाको नरनारीमा सीता र रामप्रतिको स्नेह भगवानप्रति नभएर एउटा छोरी ज्वाइँको रुपमा रहने गर्दछ । विवाहपञ्चमीका दिनमा भने निकै प्रगाढ देखिन्छ । भगवान रामलाई विनोदपूर्ण शैलीमा गीतको माध्यमले विनोद गरिन्छ ।

*राम लखन सन सुन्दर वर के, जनि पढियौन केव गारी हे*

*केवल हास विनोदक पुछियौन, उचित कथा दुई चारी*

हे

**राम कलेवा**

विवाहपञ्चमी महोत्सवको अन्तिम दिन राम कलेवा मनाइन्छ । यस दिन आएका जन्तीलाई भोजन गराउदै बिदाई गराउने परम्परा छ । जानकी मन्दिरमा आयोजना गरिने कार्यक्रममा बाहिरबाट आएका



साधुसन्त तथा जन्तीलाई भव्यरुपमा बिदाई गरिने गरिएको छ । राम कलेवाको दिनमा साधु सन्तलाई हास्यविनोदको साथ भोजन गराउने परम्परा छ । रामकलेवामा जानकी मन्दिरमा विशेष भण्डारा (भोज)को आयोजना गरी विवाहमा जन्तीका रूपमा आएका पाहुनालाई  मिष्ठान भोजन गराइन्छ ।

भोजनपश्चात् आज साधु सन्तलाई दक्षिणा प्रदान गरी बिदा गर्ने परम्परा छ । जानकी मन्दिरमा वर पक्षलाई बेहुली पक्षले भोजन गराउने चलनसमेत रहेको छ । राम कलेवासँगै विवाहपञ्चमी महोत्सव सकिन्छ । विवाहपञ्चमी महोत्सवका लागि जनकपुर आइपुगेका भक्तजन फर्कने क्रम सुरु हुन्छ ।



**दुई महन्थको ठूलो भूमिका**

जनकपुरको विवाहपञ्चमी महोत्सवलाई भव्य मनाउन दुई महन्थको भूमिका महत्वपूर्ण रहने गरेको छ । विवाहपञ्चमी महोत्सवको अवधिभर जनकपुर दुई भागमा विभाजित हुन्छ । राम मन्दिर बेहुलाको प्रतिनिधित्व गर्छ भने जानकी मन्दिर बेहुलीको प्रतिनिधित्व गर्छ । विवाहपञ्चमी महोत्सवलाई भव्य स्वरुप अर्थात अहिलेको रुपमा विस्तार गर्नमा राम मन्दिरका महन्थ राम गिरि र जानकी मन्दिरका महन्थ राम तपेश्वर दासको भूमिका रहने गरेको छ । मेलामा आउने लाखौँ श्रद्धालुलाई राख्नेदेखि लिएर उनीहरुलाई व्यवस्थितरुपमा मेलामा राख्ने गरिएको छ । जनकपुरको रहेक मठमन्दिरमा साधुसन्तको सहभागिता रहने गरेको छ । जसले जनकपुरको विवाहपञ्चमी महोत्सव भव्य बन्ने गर्दछ । हजारौँ वर्ष पूर्व त्रेतायुगमा मिथिलापति शिरध्वज जनकले सीता स्वयम्वर आयोजना गर्दा देशदेशान्तरका सैयौँ राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ । अहिले पनि हिन्दूको आस्थाको केन्द्रका रूपमा रहेको जनकपुरधाममा मुलुकलगायत भारतबाट आएका लाखौँ श्रद्धालु डोला परिक्रमा दर्शन तथा पूजापाठ गर्न उपस्थित हुन्छन् । दुई महन्थको भूमिको कारणले त्रेता युगकालीन घटना अहिलेजस्तै भएको लाग्छ ।

# पर्यटन विकासः आर्थिक समृद्धिको आधार



महेश कठायत

**पर्यटन विकासको पृष्ठभूमिः**

विदेशी मुद्रा आर्जनको एक महत्वपूर्ण स्रोत बनेको पर्यटन उद्योगले नेपालको अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान दिँदै आएको छ । पर्यटन उद्योगले रोजगारी सिर्जना गर्नुका साथै देशको कुल गार्हस्थ उत्पादन (जिडिपी)मा पनि योगदान पुर्याएको छ । साथै, गरिबी निवारणमा पनि सहयोग पुर्याउँदै आएको छ । कुनै समय काठमाडौँ र पोखरामा मात्र सीमित पर्यटकीय गतिविधि अहिले सुगमतासँगै देशका विभिन्न ठाउँसम्म फैलिँदै गएका छन् ।

नेपालमा पर्यटन विकासको कुरा गर्दा पञ्चवर्षीय राष्ट्रिय विकास योजना (सन् १९५६–२०६०) सुरुवात भएकै समयमा पर्यटन विकासको सम्भावनाबारे पनि खोजी भएको पाइन्छ । पर्यटन विकासको सम्भावना र आवश्यकता औँल्याएको त्यो बेलाको पञ्चवर्षीय योजनाअनुरुप नै सरकारले १९५७ मा पर्यटन विकास बोर्ड स्थापना गर्यो । सन् १९६२ मा ६ हजार विदेशी पर्यटक नेपाल आएकामा त्यसपछिका वर्षहरुमा त्यो क्रम बढेको पाइन्छ । देशमा पर्यटकीय गन्तव्य सुगम बन्दै जाँदा पर्यटकको आगमन वार्षिकरुपमा बढ्दै गएको तथ्याङ्कले देखाउँछ । सन् १९९९ मा चार लाख ९१ हजार विदेशी पर्यटक नेपाल आएको र त्यो संख्या सन् २०१३ मा आइपुग्दा बढेर सात लाख ९७ हजार पुगेको थियो । त्यसपछिका वर्षहरुमा नेपालमा विदेशी पर्यटकको संख्यामा कमी आयो । जसको प्रमुख कारण बन्न पुग्यो, विनाशकारी भूकम्प । सन् २०१५ मा पर्यटकको आगमन संख्या घटेर ५ लाख ३८ हजारमा सीमित भयो ।

नेपालमा पर्यटकको आगमनलाई बढाउन सरकारले विभिन्न कार्यक्रमको आयोजना समेत गर्दै आएको छ । पर्यटन क्षेत्रको विकासका लागि सरकार सन् १९९८ मा नेपाल भ्रमण वर्ष, सन् २००२ र २००३ मा गन्तव्य नेपाल अभियान, सन् २००७ मा पोखरा भ्रमण अभियान, सन् २०११ मा नेपाल पर्यटन वर्ष सन् २०१२ मा लुम्बिनी भ्रमण वर्ष र सन् २०२० मा पुनः नेपाल भ्रमण वर्ष कार्यक्रम आयोजना गर्‍यो । तर, सरकारी पक्षको कमजोरी र अन्य बाह्य कारणले गर्दा देशले यस्ता कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सकेन । पछिल्लो समय विनाशकारी भूकम्पका कारण पनि नेपालमा विदेशी पर्यटक आउने क्रम खुम्चियो । भूकम्पले पुरातात्विक सम्पदामा पुर्याएको क्षतिका कारण पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउन चुनौती थप्यो । विनासकारी भूकम्पपछि पनि सरकारले सन् २०२० मा २० लाख र सन् २०५० मा ५० लाख पर्यटक नेपाल भित्र्याउने महत्वाकाङ्क्षी लक्ष्यका साथ 'भ्रमण वर्ष २०२०' घोषणा गर्यो । तर, त्यही बेला कोभिड–१९ को महामारी फैलियो र भ्रमण वर्ष २०२० योजना पनि सफल बन्न सकेन । देशमा कहिले राजनीतिक द्वन्द्व र अस्थिरता त कहिले भूकम्प र कोराना महामारीका कारण नेपालको पर्यटन उद्योग नराम्रोरी प्रभावित बन्यो । विभिन्न प्रकारका बन्द, हड्ताल तथा पर्यटकीय होटलमा हुने गरेका मजदुर आन्दोलनले पनि पर्यटन उद्योगलाई थप प्रभावित बनायो । जसका कारण नेपाल आउने पर्यटकको संख्या र पर्यटकबाट हुने आम्दानीमा पनि घटबढ भइरह्यो ।



**पर्यटन विकासको दश वर्षे रणनीति**



नेपालको पर्यटन विकासका लागि भन्दै सरकारले २०१६–२०२५ सम्मलाई दश वर्षको दुरदृष्टिका रुपमा राष्ट्रिय पर्यटन रणनीति अघि सारेको छ । पर्यटन विकासको दीर्घकालिन दृष्टिकोणलाई सम्बोधन गर्नका लागि सरकारले नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा स्थापित गरी देशको अर्थतन्त्रमा योगदान पुर्याउने महत्वपूर्ण माध्यम बनाउने भनिएको छ । पर्यटनबाट प्राप्त हुने राजस्व तथा रोजगारी बढाई समग्र आर्थिक वृद्धि, प्रतिव्यक्ति आय एवम् कूल गार्हस्थ उत्पादन (जिडिपी) मा पर्यटनबाट हुने योगदानको हिस्सा बढाउने र पर्यटनका माध्यमबाट गरिबी निवारण गर्ने तथा स्थानीय समुदायको सहभागिता बढाउने दश वर्षे रणनीतिक योजनाको मूल उद्देश्य छ । हालसम्मको अवस्थालाई मूल्याङ्कन गर्दा सरकारको यही रणनीतिक योजना पूरा हुनसक्ने सम्भावना छैन । आर्थिक विकास तथा रोजगारी सिर्जना गरी नेपालको समग्र आर्थिक विकासको लक्ष्य हासिल गर्नमा पर्यटन क्षेत्र एक बलियो आधारशीला भएको सबैले स्वीकार गर्दै आएका छन् । तर, पर्यटन बढीभन्दा बढी पर्यटक आकर्षण गर्न पूर्वाधार विकास, सडक स्तरोन्नति, नीतिगत सुधार, एकद्वार प्रणालीबाट सेवा प्रवाहजस्ता कामहरु राज्य पक्षको ध्यान गएको पाइदैन ।

हुन त यति नै बेला नेपालको पर्यटन उद्योगमा शुभ संकेतहरु देखिन थालेको भन्दै पर्यटन व्यवसायीहरु आशावादी पनि देखिएका छन् । विगत लामो समयसम्म अप्ठ्यारो स्थिति बेहोर्दै आएको नेपालको पर्यटन उद्योग विस्तारै लयमा फर्किन थालेको पर्यटन व्यवसायीहरुले बताउन थालेका छन् । सन् २०२३ जनवरीदेखि अक्टोबरसम्म नेपालमा आठ लाखभन्दा बढी विदेशी पर्यटक भित्रिएका छन् । अक्टोबरमा मात्रै हवाईमार्ग भएर मात्रै एक लाख १७ हजार पर्यटकले नेपाल भ्रमण गरेको नेपाल पर्यटन बोर्डको तथ्याङ्कले देखाएको छ । अघिल्लो वर्षको सोही अवधिमा ८८ हजार पर्यटक नेपाल भित्रिएका थिए । त्यस्तै, कोभिड–१९ को महामारी सुरु हुनु अघि सन् २०१९ को सोही अवधिमा पनि एक लाख १३ हजार पर्यटक मात्र नेपाल आएका थिए । पछिल्लो समय विदेशी पर्यटक आगमनबाट हुने आम्दानी पनि बढेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा आम्दानी ५१ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकको आँकडाले देखाएको छ ।

**प्रकृति र संस्कृतिमा धनी देश र सम्भावना**

मुलुकको अर्थतन्त्रमा एउटा बलियो खम्बाका रुपमा रहेको पर्यटनको महत्व दिन प्रतिदिन बढ्दै गएको छ । पर्यटन उद्योगले अहिले पनि लाखौँ नेपालीलाई प्रत्यक्ष रोजगारी दिइरहेको छ । नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)मा समेत महत्वपूर्ण योगदान पुर्याएको पर्यटन उद्योगमा अनेक सम्भावना पनि छन् । संसारकै सबैभन्दा उच्च हिमश्रृङ्खलाहरुदेखि समथर भूभागहरु पनि यही नेपालमा छन् । विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमालमध्ये आठ वटा नेपालमै पर्छन् । पर्वतारोहण, पदयात्रादेखि प्याराग्लाइडिङलगायत अन्य गतिविधिहरूको प्रचुर सम्भावना यी हिमालले बोकेका छन् । विदेशी पर्यटकलाई लोभ्याउने हिमाल मात्र होइन, सांस्कृतिक र धार्मिक सम्पदाका रुपमा रहेका लुम्बिनी, जनकपुर, पशुपतिनाथ, मुक्तिनाथ क्षेत्र पनि पर्यटक आकर्षण गर्ने गन्तव्य बनेका छन् ।

नेपाल प्रकृतिले मात्र होइन संस्कृतिमा पनि धनी छ । बहुजाति, बहुभाषिक र बहुसांस्कृतिक देश नेपालमा विविध सांस्कृतिक आर्कषण, रहनसहन, रीतिरिवाज छ । पाहुनालाई 'अतिथि देवो भव' रुपमा लिने नेपाली समाजको आतिथ्यता रहिआएको छ । यि र यस्ता थुप्रै कुरालाई पर्यटनसँग जोड्न सके सहरदेखि गाउँबस्तीका कैयौँ नागरिकका लागि रोजगारी र आयआर्जनको गतिलो बाटो बन्न सक्छ । पर्यटन क्षेत्रको विकासले मुलुकलाई समृद्धिको दिशामा अघि बढ्न टेवा पुर्याउने छ । देशको आर्थिक गतिविधि बढाउन, विदेशी मुद्रा आर्जन गर्न र रोजगारी सिर्जनाका लागि पर्यटन उद्योगप्रति सरकारले विशेष ध्यान दिन जरुरी छ । साथै, प्रकृतिको अथाह सम्भावना बोकेको देश नेपाललाई विश्वभर चिनाउने र विदेशी पर्यटकका लागि गन्तव्य मुलुक बनाउने विषयमा ठोस नीति तथा कार्यक्रमको पनि उत्तिकै खाँचो छ ।

# घट्दै पानीको स्रोत




सर्लाहीको बागमती नदी आसपासका जमिन हराभरा हुन थालेको धेरै भएका छैनन् । तीस वर्षअघिसम्म नदी किनारका बगर घर छाउन प्रयोग हुने खरले ढकमक्क ढाकेका र अरु अधिकांश ठाउँमा मकैखेती मात्रै हुने गरेको अवस्था सर्लाहीको बर्थना हजरियाका लक्ष्मी महतोको मानसपटलमा ताजै छ । तर अहिले भने त्यो अवस्था छैन ।

हिजोको बगरमा आज मौसमअनुसारको खेती हुन थालेको छ । धान, मकै र गहुँखेती गर्ने किसान त्यसैमा सीमित छैनन् । बाह्रै महिना कुनै न कुनै खेती गर्ने प्रचलन बढ्दो छ । त्यसैले खेत वर्षभरि हराभरा देखिन थालेका छन् । 'बगरमा खर र अन्य ठाउँमा दुई याममा लगाइने परम्परागत धान, गहुँ र मकैखेती मात्रै हुन्थ्यो । त्यसबाट किसानको गुजारा पनि चल्थेन । अहिले त्यो समय बदलिएको छ । किसानहरुले उन्नत जातको बाली लगाउनुका साथै तरकारी खेती गरेर राम्रो आम्दानी गरिरहेका छन्,' महतोले भने ।



उनका अनुसार बागमती सिँचाइ आयोजनाको पहुँच क्षेत्रमा अन्य ठाउँभन्दा राम्रो उत्पादन भइरहेको छ । मकै उत्पादनमा नेपालकै नमूना भनेर चिनिन थालेको छ भने आलु, गोलभेडालगायत तरकारी उत्पादनबाट उर्बरभूमिको पहिचान बनाउँदैछ । 'सिँचाइ सुविधा र कृषकमा आएको चेतनाका कारण अहिले परम्परागत खेती गर्ने प्रवृत्ति बदलिएको छ । यस ठाउँमा अचेल बाह्रै महिना कुनै न कुनै खेती हुन्छ । मौसमअनुसारको बालीका साथै बेमौसमी उत्पादन पनि भइरहेको छ । अहिले दलहन, तेलहन, तरकारी, मकैलगायत बालीको वर्षभरि खेतीपाती हुन्छ,' महतोले भने, 'यो बागमती सिँचाइ आयोजनाले ल्याएको बदलाब हो । तर पहुँच क्षेत्रमा पर्याप्त पानी र अरु क्षेत्रमा पहुँच विस्तार गर्न सके यो क्षेत्रले अझै फड्को माथ्र्यो ।'

बागमती नगरपालिका—१० का वीरबहादुर खड्का देशमै अन्नभण्डारको रुपमा परिचित मधेश प्रदेशमा सिँचाइ सुविधा पुगेमा उत्पादन वृद्धि र नमूना कृषि क्षेत्रको विकासमा टेवा पुग्ने उदाहरण पानीको पहुँच भएका ठाउँहरुको उत्पादनबाट प्रष्ट हुने बताउँछन् । खड्का भन्छन्, 'सिँचाइ सुविधा पुगेमा यहाँका किसानहरुले रोजगारीका लागि अर्को विकल्प सोच्नु पर्दैन । तर पर्याप्त र सबै ठाउँमा पानी पुग्न नसकेकाले सोचेजस्तो खेतीपाती गर्न सकिरहेका छैनौँ ।'

समस्याका बीच पनि विभिन्न माध्यमबाट सिँचाइ सुविधा पुगेका क्षेत्रमा गोलभेडा, परबल, बोडी, सिमी, भान्टा, करेलालगायत तरकारी उत्पादनमा निरन्तर प्रगति हुँदै गएको कृषि थोक बजार व्यवस्थापन समिति, लालबन्दीका अध्यक्ष तोरणबहादुर मगरको भनाइ छ । त्यहाँको उत्पादन हाल सिन्धुली, रामेछाप, काठमाडौँ, पोखरा, बुटवल, भैरहवा, नारायणघाट, नेपालगंज, हेटौँडा, वीरगंज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका बजारमा निर्यात हुने गरेको उनले बताए ।

'बागमती नहर बन्यो हाम्रो सपना पनि बढे । मकैमा निर्भर यहाँका कृषकहरुले धान, मकै, दलहन, तरकारीबालीको खेती गर्न थाल्यौँ तर पानी अभावले सोचे जस्तो खेतीपाती गर्न सकिरहेका छैनौँ । सुनकोशी–मरिन पथान्तरणपछि हाम्रो सपना थप फराकिलो हुनेछ । पक्कै यो अवस्था बदलिने छ,' रक्षापुर जल उपभोक्ता समिति, बागमती—१० का अध्यक्षसमेत रहेका खड्काले भने ।

सुनकोशी–मरिन पथान्तरणको काम नहुँदासम्म भएकै बागमती सिँचाइबाट बढी लाभ लिने गरी व्यवस्थापनको जरुरी रहेको भनाइ छ जल उपभोक्ता महासङ्घ, सर्लाहीका अध्यक्षसमेत रहेका महतोको । 'एकातिर स्रोतमै पानीको कमी छ भने अर्कोतिर धेरै पुराना, माटोका नहर हुँदा भएकै पानी पनि खेतसम्म पुग्दैन । चुहावटका कारण पहुँच भएकै ठाउँमा पनि पर्याप्त पानी पुगेको छैन,' महतोको गुनासो छ, 'त्यसले आयोजनाले नहरको उचित मर्मतसम्भार र व्यवस्थापन सुधार गरी भएकै पानीबाट बढीभन्दा बढी लाभ लिने अवस्था बनाउनुपर्छ । आयोजनाले प्रभावकारी कार्ययोजना बनाएर काम गर्नुपर्‍यो ।'

कृषि ज्ञान केन्द्र सर्लाहीका निमित्त प्रमुख देवानन्द राय यादव पनि बागमती सिँचाइ अर्थात सतह सिँचाइको पहुँच पुगेका क्षेत्रमा बाली सघनता, उत्पादकत्व वृद्धि भए पनि जिल्लामा सिमानातर्फका क्षेत्रमा नहर पहुँच नहुँदा बहुसंख्यक कृषकले लाभ लिन नसकेको बताउँछन् । 'पानी लाग्ने क्षेत्रमा धानलगायत कृषि उपजको उत्पादन राम्रो देखिन्छ तर आकासे वर्षाको भर पर्ने स्थानका कृषकले राम्रोसँग खेती गर्न पाएका छैनन् । बोरिङबाट पानी चलाएर खेती गर्दा लागत बढ्ने हुँदा कृषितर्फको आकर्षण बढिरहेको छैन । यी ठाउँमा सिँचाइको पहुँच विस्तार गर्न जरुरी छ ।'

बागमती सिँचाइ आयोजना प्रमुख भिलानन्द यादव ३० वर्ष पहिले र अहिले खेती गर्ने प्रवृत्ति बदलिएर पानीको माग बढे पनि स्रोतमा नै पानीको अभाव भएकाले माग र आपूर्तिमा सन्तुलन मिलाउन कठिन भइरहेको बताउँछन् । तर भएकै पानीलाई आलोपालो विधिमार्फत खेतमा पुर्‍याउनका लागि हरसम्भव प्रयास भइरहेको यादवले बताए । 'धानखेती अर्थात वर्षमा दुई याममा मात्रै खेतीपाती हुने बेला आयोजना बनाइएको हो तर अहिले त दलहन, तेलहन, तरकारी, मकै गरी वर्षभरि खेतीपाती हुन्छ,' आयोजना प्रमुख यादवले भने, 'उही संरचनाबाट कृषकको बदलिँदो आवश्यकता सम्बोधन गर्न वर्षभरि पानी चलाउनुपर्ने बाध्यता छ । यसले नहर मर्मत तथा व्यवस्थापनमा केही समस्या भइरहेको छ ।'

आयोजनाका प्रमुख डिभिजनल इन्जिनीयर रञ्जनराज भट्टराईले नहरको पहुँच क्षेत्रमा बनाइएका जल उपभोक्ता समितिहरुसँगको सल्लाहमा पानीको वितरणलगायत कार्यहरु भइरहेको बताए । पहुँच क्षेत्रमा एक सय ३० जल उपभोक्ता समिति गठन गरिएका र ती समितिमा आवद्ध किसानसँग नियमित बैठक बसेर समस्याको पहिचान र निदानको काम सँगसँगै अगाडि बढाउने गरिएको भट्टराईले बताए ।

उनी भन्छन्, 'अहिले दुई वटा मूल नहर, त्यसका तीन–तीन वटा शाखा नहर र २१ वटा प्रशाखा नहरबाट पानी वितरणको काम भइरहेको छ । सर्लाही र रौतहटको ४५ हजार छ सय हेक्टरमा जमिनमा सिँचाइ पहुँच छ । त्यसको अधिकतम् उपयोगको नीतिअनुसार हामीले काम गर्दै आएका छौँ । एक लाख २२ हजार हेक्टरमा सिँचाइ पहुँच पुर्‍याउने लक्ष्यसहित बनिरहेको सुनकोशी–मरिन डाइभर्सनपछि किसानका सबै गुनासाहरु सम्बोधन हुनेछन् ।'

**'सबैको सपना सुनकोशी—मरिन पथान्तरण'**

बागमती सिँचाइ आयोजना आर्थिक वर्ष २०३५–३६ मा निर्माण सुरु भई २०५० सालमा सम्पन्न भएको थियो । पहिलोपटक सन् १९६७–१९७२ मा तयार गुरुयोजना र पछि सन् १९७९–८० मा अध्ययन पुनर्संरचना गरिएको यस आयोजनाबाट समग्रमा एक लाख २२ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य छ । दुई चरणमा निर्माण गरिने योजनाअनुसार पहिलो चरणको प्रथम खण्डमा बागमती नदीमा ब्यारेज निर्माण गरी सर्लाही र रौतहट जिल्लाको ४५ हजार छ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको विकास र दोस्रो खण्डमा बारा जिल्लाको करिब २२ हजार चार सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको विकास समावेश गरिएको थियो ।

पहिलो चरणमा ६८ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ पहुँच पुर्‍याउने परिकल्पना भए पनि पहिलो खण्डको काम सम्पन्न भई ४५ हजार छ सय हेक्टरमा नहर पहुँच पुगेको छ । तर बारातर्फको २२ हजार चार सय हेक्टरमा पानी पुर्‍याउने काम हुन सकेको छैन ।

त्यसैगरी, आयोजनाको दोस्रो चरणअन्तर्गत राष्ट्रिय गौरवको सुनकोशी–मरिन बहुउद्देश्यीय आयोजनाको काम भइरहेको छ । प्रमुख भट्टराईका अनुसार दोस्रो चरणको लक्ष्य हासिल गर्न करिब ६७ घनमिटर प्रतिसेकेन्ड पानी सुनकोशी नदीबाट बागमती नदीमा मिसाउने नदी स्थान्तरणको कार्य सम्पन्न भएमा रौतहट तथा सर्लाहीमा सीमित आयोजनाले धनुषा र महोत्तरीमा समेत थप सिँचाई विस्तार गर्नेछ । त्यसका लागि दोस्रो चरणको विस्तार तथा मौजुदा संरचनाको पुनःनिर्माण एवम् जीर्णोद्धारबारे अध्ययन तथा त्यसको कार्यान्वयन गर्न दुईवटा परामर्शदातामार्फत अध्ययनको काम भइरहेको आयोजना प्रमुख यादवले जानकारी दिए । उनले भन्नुभयो, 'नदी पथान्तरणपछि धनुषाको नगराइन, महोत्तरीको रातुखोला र बाराको दुधौरासम्म सिँचाइ पहुँचका लागि पूर्वाधार निर्माण गर्न विस्कृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी र अध्ययनकै क्रममा छ ।'

विसं २०५० अर्थात् ३० वर्षअघि निर्माण गरिएको आयोजनाले वर्षैपिच्छे नहर संरचना टालटुल र मर्मतसम्भार गरी सिँचाइ सुविधा पुर्‍याइरहेको छ । बागमती नदीको स्रोतमै पानी बहावमा कमी आएपछि आयोजनाको नहरमा पानी घट्दै गएको र चुहावटका कारण नहर मुहानको पानी खेतमा पुग्ने अवस्था पनि नरहेको किसानले गुनासो गर्दै आएका छन् । हाल ४९ किलोमिटर लम्बाई रहेको आयोजनाको मूल नहरको पूर्वतर्फ रौतहट क्षेत्रमा २२ हजार छ सय हेक्टर अर्थात २२.२५ किमी र पश्चिमतर्फ सर्लाहीतिर २३ हजार हेक्टर अर्थात २८ किमी क्षेत्रमा पहुँच छ । यो गुरुयोजनाअनुसार कूल क्षमताको ३७ प्रतिशत मात्रै हो ।

वैभव मधेशदृष्टि

२०८० साल मंसिर ३० गते शनिबार
Saturday 16, December 2023

# पाँच भाषाका पाँच रामायणको आलोकमा जानकी विवाहमा दहेजको प्रसङ्ग



सञ्जय साह मित्र



जानकीको विवाह मर्यादापुरुषोत्तम रामचन्द्रसित भएको पौराणिक सन्दर्भ रहेको छ । रामचन्द्र (राम)को जन्मभूमि अयोध्या (अवध) र जानकी (सीता)को जन्मभूमि जनकपुर रहेको उल्लेख पाइन्छ । रामका पिता पनि राजा र सीताका पिता राजा नै रहेको उल्लेख पाइन्छ । आ–आफ्नो क्षेत्रका अतिविशिष्ट सम्मानित राजाका रुपमा दुवैको परिचय मुख्य गरी विभिन्न लेखकका रामायणहरुमा पाइन्छन् । राम र सीताका कारणले पनि पिताहरुको सम्मानमा वृद्धि भएको भएको देखिन्छ ।

यदि कालको दृष्टिकोणले विचार गर्ने हो भने रामायणकाल आजको भन्दा हजारौँ वर्ष पहिलेको हुनुपर्छ । कपितयले यसलाई साढे सात हजार वर्ष पहिलेको इतिहासको रुपमा अनुमान गर्दछन् । धार्मिक ग्रन्थहरुले गर्ने समयको गणनाले भने केही पृथक अनुमान हुन आउला । यत्ति पुरानो समयमा पनि वर्तमान सामाजिक वैवाहिक परम्पराका कतिपय कुरा मेल खान्छ । अहिले पनि समाजमा दहेज प्रथा चलनमा रहेको छ । यद्यपि दहेज अब कम भइसक्यो र तिलक बढेको छ तर दहेज प्रथा पूरै हराइसकेको छैन । राम र सीताको विवाहमा पनि दहेज दिइएको थियो । यसकारण रामायणहरुमा पनि दहेजको उल्लेख पाइन्छ । विभिन्न परिवेश र भाषामा अनेक लेखकद्वारा रामकथा लेखिएका छन् । राम र सीताको भेट प्रसंग अनि दुवैको रुप तथा गुण सौन्दर्यको वर्णन प्रायः सबै जसो रामायणमा मुक्त कण्ठले गरिएको छ । राम र सीतालाई अलौकिक, दिव्य र अवतारी मानिएको छ । हाम्रो सामाजिक परिवेशमा पनि राम विष्णु र सीता लक्ष्मीका अवतार हुन् ।

अहिले विवाहपञ्चमीको अवसरमा यहाँ पाँच परिवेश, पाँच भाषा र पाँच सम्मानित लेखकद्वारा लेखिएका पाँच प्रतिष्ठित रामायणमा उल्लेख गरिएको जानकी विवाहको दहेज प्रसंगलाई उल्लेख गरिएको छ ।

रामायणहरुमा सबैभन्दा पुरानो वाल्मीकीय रामायणलाई मानिएको छ । यो संस्कृत भाषामा लेखिएको हो । यो रामायण सबैभन्दा विश्वसनीय तथा लोकप्रिय रहेको मानिन्छ ।

पनि विदेहराज शिरध्वजले आफ्ना पुत्रीद्वय सीता र उर्मिलाको विवाह राम र लक्ष्मणसित गर्दा दहेज दिएको उल्लेख पाइन्छ । रामायणको संस्कृत श्लोकमा दहेजलाई कन्याधन भनिएको छ ।

वाल्मीकीय रामायणको बालकाण्डमा चौहत्तरौँ सर्गमा रहेका केही श्लोकहरुले विवाहोपरान्त शिरध्वजले छोरी र भतिजीहरुको विदाइ गर्दा पर्याप्त द्रव्य, मुद्रा तथा पशुधन कन्याधनको रुपमा प्रदान गरेको उल्लेख छ ।

अथ राजा विदेहानां ददौ कन्याधनं बहु ।
गवां शतसहस्राणि बहूनि मिथिलेश्वरः ॥३॥
कम्बलानां च मुख्यानां क्षौमान् कोट्यम्बराणि च ।
हस्त्यश्वरथपादातं दिव्यरूपं स्वलंकृतम् ॥४॥

अर्थात्, त्यत्तिवेला विदेहराज जनकले आफ्ना कन्याहरुको निमित्त दहेजमा निकै धेरै धन दिए । ती मिथिला नरेशले कैयौँ लाख गाई, कैयौँ निकै निकै राम्रा कालीन तथा करोडौँको संख्यामा रेशमी र सूती वस्त्र दिए, अनेक प्रकारको गहनाले सज्जिएको धेरै नै दिव्य हाती, घोडा, रथ तथा पैदल सैनिक पनि भेट दिए ।

ददौ कन्याशतं तासां दासीदासमनुत्तमम् ।
हिरण्यस्य सुवर्णस्य मुक्तानां विद्रुमस्य च ॥५॥

अर्थात्, आफ्ना छोरीहरुको लागि सहेलीको रुपमा उनले सय सय कन्या तथा उत्तम दासदासीहरु अर्पित गरे । यी सबै बाहेक राजाले तिनीहरुका लागि एक करोड स्वर्ण मुद्रा, रजत मुद्रा, मोती तथा मुँगा पनि दिए ।

ददौ राजा सुसंहृष्टः कन्याधनमनुत्तमम् ।
दत्त्वा बहुविधं राजा समनुज्ञाप्य पार्थिवम् ॥६॥

अर्थात्, यस प्रकार मिथिलापति राजा जनकले निकै हर्षका साथ उत्तमोत्तम कन्याधन (दहेज) दिए ।

जनमानसमा तुलसीकृत रामायण पनि निकै लोकप्रिय छ । तुलसीदासले लेखेको रामायणलाई 'श्रीरामचरितमानस' भनिएको छ । मधेशमा हुने अष्ठयाममा यही रामायणको पाठ गरिन्छ । भनिन्छ, यो रामायण अवधि भाषामा लेखिएको छ । यस रामायणका अनुसार पनि जानकी विवाहमा दहेजको सन्दर्भ केही श्लोकहरुमा स्पष्ट रुपमा उल्लेख पाइन्छ ।

भरि भरि बसहँ अपार कहारा । पठइँ जनक अनेक सुसारा ॥
तुरग लाख रथ सहस पचीसा । सकल सँवारे नख अरु सीसा ॥

अर्थात्, अपार सामग्री अगणित गोरुहरु तथा हारमाथि लादेर राजा जनकले पठाए । साथै जनकले सुन्दर पलङ पनि पठाए । फेरि एक लाख घोडा र पच्चीस हजार रथलाई सबैको शिरदेखि खुट्टासम्म सजाएर पठाए ।

मत्त महस दस सिंधुर साजे । जिन्हहि देखि दिसिकुंजर लाजे ॥
कनक बसन मनि भरि भरि जाना । महिषीं धेनु बस्तु बिधि नाना ॥

अर्थात्, साथै दश हजार मतवाला हात्ती सजाए जसलाई देखेर दिग्गज पनि लज्जित हुन्थे तथा सुवर्ण, मणि, वस्त्रादिले गाडीहरुलाई भरेर तथा गाई, भैँसी तथा अनेक पदार्थ दिए ।

दाइज अमित न सकिअ कहि दीन्ह बिदेहँ बहोरि ।
जो अवलोकत लोकपति लोक संपदा थोरि ॥

अर्थात्, यस प्रकार महाराज जनकले यत्ति अपार दहेज दिए जो भन्न पनि सकिँदैन । त्यसलाई देखेर लोकपतिले पनि आफ्नो लोकको सम्पत्तिलाई थोरै गन्ती गर्न (मान्न) थाले ।

यसै गरी नेपालीका आदिकवि भानुभक्त आचार्यले लेखेको रामायणमा पनि दाइजोको विषयमा केही श्लोक पाइन्छ । आचार्यले लेखेको रामायणलाई 'भानुभक्तीय रामायण' भन्ने गरिन्छ । यो नेपाली भाषामा लेखिएको छ । भानुभक्तलाई नेपाली साहित्यको कविता क्षेत्रको प्राथमिक कालमा भक्तिधाराका सर्वोच्च प्रतिभा मानिन्छ । भानुभक्तीय रामायणको बालकाण्डमा ११९ र १२० औँ श्लोकका दुई दुई हरफमा दहेजसम्बन्धी कुरा परेका छन् ।

दाईजो सय कोटि दौलत सहित् बेस् बेस् अयुत् रथ दिया ।
घोडा ता सय लाख दिया छ सय त खुप मत्त हात्ती थिया ॥

अर्थात्, दाइँजोमा सय करोडको सम्पत्तिसहित दश हजार रथ दिए । घोडा त सय लाख दिए । निकै मत्त छय सय हात्ती दिए ।

पैदल लस्कर एक लाख र सय तिन् केटी दियाध्या जसै ।
पूजा फेरि वशिष्ठको पनि गर्या भारी डबल्ले तसै ॥

अर्थात्, पैदल लस्कर एक लाख दिए । तीन सय केटी पनि दिएर पठाए । सम्भवतः, एक लाख सेवकहरु तथा तीन सय सेविकाहरु दिएर पठाए भनिएको हुनुपर्छ ।

बज्जिका रामायणमा पनि थोरै भए पनि भानुभक्तीय रामायणमा जस्तै दहेजको बारेमा केही शब्द खर्च गरिएका छन् । बज्जिका रामायणलाई 'रामाएन' भनिएको छ । यस रामायणका लेखक हुन् – अवधेश्वर अरुण । यिनी मुजफ्फरपुरका विद्वान् हुन् । गत वर्ष मात्र देहान्त भएका अरुण औपचारिक शिक्षामा डि.लिट्. उपाधि प्राप्त छन् । प्रा.डा. अरुण कैयौँलाई पि.एचडी. उपाधि दिने विशिष्ट विद्वान् हुन् । उनको रामायण अत्यन्त चर्चित छ । विभिन्न मठमा तथा अष्टयाममा पनि बज्जिका रामायणको पाठ गरिन्छ । यस रामायणको दुई श्लोकका केही सन्दर्भमा जानकी विवाहपश्चात् दहेज पठाइएको सन्दर्भ पाइन्छ ।

राजा दसरथ जब बिदाई लेल जोर कएलन
होए लागल बिध बेहबार ।
सजे लागल डाला–दउरा, दानऽ आ दहेज लेल
दास–दासी भेल तइआर ।

अर्थात्, राम–जानकीको विवाहपछि राजा दशरथले जब बिदाइको लागि जोर दिन थाले तब बिदाइको विधि व्यवहार सुरु भयो । दान दहेजको लागि विभिन्न सामग्रीहरु तयार हुन थाले । दास र दासीहरु पनि तयार भए ।

दान दहेज बिदाई से खुस सब्भे बरिआत ।
कनिया बिदा करा चलल कोसलपति के साथ ॥

अर्थात्, जानकी विवाहमा विदेहराजले दिएको दान तथा दहेज र बिदाईले सम्पूर्ण बरियाती (जन्ती) खुसी छन् । दुलहीलाई बिदा गराई सबै जना कोशलपति दशरथका साथ हिँडे ।

सत्यराम वत्सले लेखेको गद्यरामायण नितान्त फरक किसिमको रहेको छ । जहाँ रामायण भन्नासाथ मनमा पद्यात्मकतामा रामाख्यान बुझिन्छ त्यहीँ यसलाई औपन्यासिक शैली दिइएको छ तर यसमा गज्जब तर्कहरु दिइएका छन् । यो हिन्दी भाषामा लेखिएको छ । शीर्षक चाहिँ रामायण नै रहेको छ । यस रामायणको आफ्नै मूल्य रहेको छ । यस हिन्दी रामायणमा जानकी विवाहको सन्दर्भमा दहेजको विषयमा एक सानो अनुच्छेद रहेको छ ।

"महाराज दशरथ भी अयोध्या लौटने की तैयारी करने लगे । राजा जनक ने पुत्रियों को दहेज के रुप मे गौएँ, कम्बल, कालीन तथा रेशमी और सूती वस्त्र दिये । सजे हुने हाथी, घोडें, रथ और पालिकियाँ तथा दास–दासियां भी दी गई । इसके अतिरिक्त एक करोड सोनें की मोहरें, हीरे–मोती तथा अन्य बहुमूल्य वस्तुएं प्रदान कीं ।"

अर्थात्, महाराज दशरथ पनि घर (अयोध्या) फर्किने तयारी गर्न थाले । राजा जनकले पुत्रीहरु अर्थात् विवाहिता छोरीहरुलाई दहेजको रुपमा गाईहरु, कम्बल, कालीन तथा रेशमी र सूती कपडाहरु दिए । सजाइएको हात्ती, घोडा तथा रथ र पालकहरु तथा दास–दासीहरु पनि दिइए । यसका अतिरिक्त एक करोड सुनको मोहर, हीरा, मोती तथा अन्य बहुमूल्य वस्तुहरु प्रदान गरे ।

यसरी विभिन्न परिवेशमा लेखिएका संस्कृत, हिन्दी, नेपाली, अवधि र बज्जिका रामायणमा दहेजको कुरा स्पष्टसित लेखिएको पाइएको छ । यी रामायणहरुको अध्ययन गर्दा दहेजको विषयमा विचारणीय सन्दर्भमा भने एक रुपता देखिन्छ ।

माथि वर्णित र सन्दर्भमा आएका रामायणहरु एकै समयमा लेखिएका होइनन्, जहाँ बसेर कृति लेखियो ती ठाउँहरु पनि निकै टाढा टाढा रहेका छन् । युग फरक, लेखक फरक, शैली र आयाम फरक, भूगोल फरक तर सबैमा लगभग एक भाव देखिन्छ दहेजको सन्दर्भमा ।

भानुभक्तीय रामायणमा दहेजको ठाउँमा दाईजो शब्दको प्रयोग गरिएको छ । नेपाली संस्कृतिमा तिलक, दहेज, दाइँजो एउटै होला तर मधेशी संस्कृतिमा भने यी तिनै शब्दले सांस्कृतिक पार्थक्यको अर्थ र भाव ग्रहण गर्दछन् ।

विवाहोपरान्त दुलही पक्षले स्वेच्छाले दिने दान दहेज हो । अरुणको बज्जिका रामायणमा यसैले दान दहेज शब्दको उपयोग गरिएको छ ।

दुलहा पक्षका प्रमुख अयोध्यापति राजा दशरथले कुनै पनि सामान नगद वा जिन्सी कतै मागेको प्रसंग पाइन्न । मिथिलाधीश शिरध्वज (जनक)लाई कतै पनि दहेज दिनु कर वा बाध्यता रहेको जस्तो अर्थ लाग्ने शब्द वा भाव कतै पनि उल्लेख पाइन्न । साथै शिरध्वजले आफ्ना छोरीहरु (संकाश्या नरेश भाइ कुशध्वजका छोरीहरु माण्डवी र श्रुतकीर्तिसमेत)को विवाहमा जुन दहेज दिएका छन्, आफूखुसी दिएका छन् । दहेज दिएपछि राजा सन्तुष्ट भएको उल्लेख गरिएको छ । अर्थात् अनेक रत्न, धन, दासदासी प्रदान गरेर राजा शिरध्वज जनक सन्तुष्ट बनेका छन् । सम्भवतः यसै सन्तुष्टिमा राजा कुशध्वजको पनि उत्कर्ष रहेको छ । यसबाट यो सिद्ध हुन आउँछ कि त्यसवेलासम्म दहेजप्रथा स्वैच्छिक थियो ।

हाम्रो सामाजिक परम्परामा आज पनि विवाहपञ्चमीको सन्दर्भ आउँदा अत्यन्त श्रद्धाले राम–जानकीको विवाह र जनक शिरध्वजले दिएका दहेजहरुको बारेमा स्वादले चर्चा हुन्छ । विभिन्न लोकगीतहरुमा पनि जानकीको विवाहमा तिलकोत्सव आयोजन गरिएको चर्चा पाइन्छ । पहिले तिलकोत्सवको परम्परा थियो र अझै पनि यो पूरा लोप भइसकेको छैन ।

मित्रनगर, गरुडा ४, रौतहट

## देशदृश्यः



यो दृश्य अछाम, ढकारी गाउँपालिका वडा नम्बर ६, मैकाडाँडाको हो । पुरुष दाजुभाइ रोजगारीको सिलसिलामा प्रदेश र परदेश गएका छन् । घरमा पुरुष नहुँदा महिलाले नै गर्भवतीलाई प्रसुती गराउन स्वास्थ्य चौकी लगिरहेको दृश्य हो । तस्बिर सौजन्यः हर्क बुढा ।

# आगलागी हुँदा ४ गोठ जलेर नष्ट



**सञ्जय मिश्रा**
**रौतहट ।**
मौलापुर नगरपालिकाको छुट्टाछुट्टै दुईवटा वडामा भएको आगलागीबाट ४ गोठ जलेर नष्ट हुनुको साथै लाखौंको क्षति भएको छ ।

मौलापुरको वडा नम्बर ६ पथरा बुधरामस्थित त्रिभुवन रामको गोठमा बिहीबार साढे १० बजे अचानक भएको आगलागीबाट गोठ पूर्ण रुपमा जलेर नष्ट भएको हो । गोठमा रहेको दुईजिउको भैंसी १, बाख्रा २ र पाठो २ गरी ५ चौपाया जलेर मृत्यु भएको ईलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख इन्स्पेक्टर कुशल बर्तौलाले जानकारी दिए । आगलागीबाट रामको ४ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । गाउँले र प्रहरी मिलेर आगलागी नियन्त्रणमा लिएको थियो ।

यसैगरी मौलापुर–३ गम्हरियामा गएराती ११ बजे भएको आगलागीबाट तीनवटा गोठ जलेर नष्ट भएको छ । स्थानीय कामेश्वर प्रसाद, चौठी बैठा, साहेब बैठा र भरोस बैठाको गोठ जलेर पुर्णरुपमा नष्ट भएको हो । आगलागीबाट तीनैजनाको कूल १० लाख रुपैयाँ बराबरको क्षति पुगेको छ । घटनालगतै ईलाका प्रहरी मौलापुरका प्रमुख इन्स्पेक्टर कुशल बर्तौलाको कमाण्डमा गएको टोली र स्थानीयहरुले गौरबाट आएको दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिएको थियो ।

आगलागीको कारण खुल्न नसके पनि लामखुट्टे भगाउन बालिएको घुरबाट सल्किएर भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

घटनास्थलमा पुगेर मौलापुर नगरपालिकाका नगर प्रमुख रिनाकुमारी साहले आगलागीको कारण पता लगाउन र पीडित परिवारलाई तत्काल सहयोग गर्न सम्बन्धित निकायसँगलाई निर्देशन दिएकी छन् ।

# सुनसहित २ जना पक्राउ

**मधेशदृष्टि**
**मकवानपुर ।**
प्रहरीले सुनसहित हेटौँडाबाट २ जनालाई पक्राउ गरेको छ ।

शुक्रबार बिहान हेटौँडा उपमहानगरपालिका–१५ रातोमाटेस्थित चेक प्वाइन्टबाट सुनसहित २ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पक्राउ पर्नेमा धनुषाको सबैला नगरपालिका–२ बस्ने ३९ वर्षीय हितेस कुमार साह र भारत पंजाबका ३४ वर्षीय तर्सिम सिंह रहेका छन् ।

रातोमाटे चेकप्वाइन्टमा सवारीसाधन जाँच गर्ने क्रममा वीरगंजबाट आउँदै गरेको बागमती प्रदेश ०३–००१ ख १७२७ नम्बरको बसमा सवार साहलाई जुत्ताभित्र लुकाई ल्याएको करिब ४५० ग्रामको सुनको सिक्री ९ थानसहित पक्राउ गरिएको हो । यस्तै ना ५ ख ६२१७ नम्बरको बसमा सवार सिंहलाई झोलाभित्र लुकाई ल्याएको करिब ४० ग्राम सुनसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै जनालाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# कारागारका १११ कैदीबन्दी बिरामी

**मधेशदृष्टि**
**चितवन ।**
जिल्ला कारागार कार्यालय चितवनमा रहेका एक सय ११ कैदीबन्दी बिरामी भएको पाइएको छ । उनीहरु विभिन्न रोगबाट पीडित छन् । एक सय ११ मध्ये आधाभन्दा बढी कैदीबन्दी उच्च रक्तचापबाट पीडित छन् । अन्य जिल्लाबाट उपचारका लागि कैदीबन्दी चितवन पठाउने गरिएको चितवन कारागारका जेलर कमलप्रसाद आचार्यले जानकारी दिए । कारागार प्रमुख आचार्यका अनुसार नवलपरासी, धादिङ, गोरखा, मकवानपुरलगायत जिल्लाबाट बिरामी कैदीबन्दी यहाँ उपचारका लागि ल्याउने गरिएको छ । अहिले कारागारमा मधुमेहका २६, थाइराइडका तीन, मुटुरोगी चार, एचआइभी सङ्क्रमित चार, छारेरोगबाट पीडित चार, मानसिक रोगी पाँच, हेपाटाइटिसबाट पीडित तीन तथा अन्य रोगबाट पीडित कैदीबन्दी रहेका छन् ।

जिल्लामा केन्द्रीयस्तरको सरकारी अस्पताल, क्यान्सर अस्पताल, दुई ठूला मेडिकल कलेज र २४ भन्दा बढी निजी अस्पताल रहेका कारण कैदीबन्दीलाई उपचारका लागि यहाँ पठाउने गरिएको छ ।

अहिले कारागारमा क्षमताभन्दा झण्डै दुई सय बढी कैदीबन्दी राखिएको छ । कारागारमा ४ सय ७५ पुरुष कैदीबन्दी राख्ने क्षमता रहेको भएपनि ६ सय ७२ जना रहेका छन । कारागारमा ३० महिला कैदीबन्दी राख्ने क्षमतामा भएपनि अहिले ४१ महिला, ४ आश्रित बालबालिका सहित ४५ जना रहेका छन् । चितवन कारागारमा अहिले ७ सय १७ कैदीबन्दी रहेको कारागार प्रमुख आचार्यले जानकारी दिए ।

# पाँचौँ अन्तर्राष्ट्रिय साहित्य महोत्सव सुरु



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नेपाल हिन्दी प्रतिष्ठान जनकपुरधाम नेपाल र शान्ति निकेतन हिन्दी प्रचार सभा शान्ति निकेतन पश्चिम बंगाल, भारतको आयोजनामा पाँचौँ अन्तर्राष्ट्रिय साहित्य महोत्सव २०२३ सुरु भएको छ ।

पहिलो उद्घाटन सत्रको अध्यक्षता राघवेन्द्र साहले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि पूर्वराष्ट्रपति डा. रामवरण यादव थिए ।

डा. यादवले स्व.राजेश्वर नेपालीले जीवनभर हिन्दीका लागि लडाइँ गरेको बताए ।

उनले हिन्दीमा लोकमत साप्ताहिक सुरु गरेर राजतन्त्रविरुद्ध सशक्त कविता लेख्ने क्रम जारी राखेको सम्झँदै यादवले भने, ‘यही कविताका लागि उहाँ पटकपटक जेल पनि पर्नु भएको थियो ।’

पूर्वराष्ट्रपति यादवले नेपालमा सबै भाषाको सम्मान हुनुपर्ने बताए ।

उनले हिन्दी भाषाले नेपाल र भारतबीच पुलको काम गरिरहेको बताए । कार्यक्रममा भारतबाट जलि बेगम, शबाना साजिद, धाराश्वरी मोहन्ती, मिताली सैकिया, प्रदीपकुमार सिंह देवलाई भाषा भारती पुरस्कार प्रदान गरिएको थियो । नेपालतर्फ खुशीलाल मण्डल, रामस्वार्थ ठाकुर, आशा सिन्हा र शिवशंकर यादवलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा रामचन्द्र रायले अतिथिलाई स्वागत गरेका थिए ।

कार्यक्रममा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत देवी सहाय मीना, साहित्यकार डा. राजेन्द्र विमल, जसपा नेत्री तथा सांसद रेखा यादव, भारत सरकारका नीति आयोगका सदस्य तथा शान्ति निकेतनका प्रा. पूर्व प्रणव चट्टोपाध्याय, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, हिन्दी भाषा अभियानी रमण पाण्डेले सम्बोधन गरेका थिए ।



अन्नको आकृतिः जनकपुरधामको रङ्गभूमि मैदानमा रामजानकी विवाह महामहोत्सवको अवसरमा ११ हजार ११ स्क्वायर फिटमा अन्नले सीताराम स्वयम्बरको आकृति बनाइँदै । तस्बिरः चन्द्रदेव साह

# संसद्लाई प्रभावकारी र परिणाममुखी बनाउनु पर्छः साह



‘प्रमाणित नै हुन नसक्ने सानो विषयलाई नियतवश फुस्स प्रवेश गराएर सदन अवरुद्ध गराउने चलन देखियो । यस्ता क्रियाकलापले सदन लोकदोहोरी खेल्ने थलो बनेको छ ।’

- *धार्मिक व्यक्ति जहिले पनि सत्य, न्याय र समानताका पक्षमा बोल्छ*
- *सुशासन कायम गर्न नेताको सोच, विचार र आचरण सुध्रिनुपर्छ*
- *चुनावमा जनतालाई विश्वास दिलाएकाले जितेर आएको हुँ*
- *रौतहटबासीसँग गरिएको प्रतिबद्धता कार्यान्वयनमा दृढ छु*

**काठमाडौँ ।**
बलियो चुनावी दलीय गठबन्धनलाई पाखा लगाउँदै स्वतन्त्र उम्मेदवारका हैसियतले प्रतिनिधिसभा सदस्य निर्वाचनको नतिजा आफ्ना पक्षमा पार्न सफल किरणकुमार साह संसद्को पहिलो बैठकमा बेग्लै पहिचान स्थापित गरी चर्चामा आए । अधिकांशले नेपाली र केहीले आ–आफ्ना मातृभाषामा सपथ लिइरहेका बेला उनले प्रतिनिधिसभाको पहिलो बैठकमा संसारको पुरानो संस्कृत भाषामा पद तथा गोपनीयताको शपथ लिएर सबैलाई आश्चर्यमा पारे । धार्मिक व्यक्ति जहिले पनि सत्य, न्याय र समानताका पक्षमा हुने तर्क दिँदै नेता साहले आफूले नेपाली भाषाको जननी संस्कृतमा शपथ लिएर सारा नेपालीलाई आफ्नो संस्कार र सस्कृति संरक्षणका लागि प्रेरित गरेको जिकिर गरे । उनले भने, ‘अरूलाई सम्मान गर्ने हाम्रो संस्कार थियो, नैतिक शिक्षा पढाइन्थ्यो, सामाजिक शिक्षाले समाजलाई बुझ्ने अवसर दिलाएको थियो । हाम्रा सबै गौरव हटाउँदा अनेकौँ विसङ्गति र विकृति पैदा भएका छन् ।’

निर्वाचनपछि नेकपा (एमाले) लाई समर्थन गर्दै आएका साह रौतहट निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । विसं २०५६ देखि नेकपा (माओवादी) मा आबद्ध उनी २०७० सालमा संविधानसभा र २०७४ सालमा प्रतिनिधिसभा सदस्यका प्रतिस्पर्धी थिए । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धनमा सरकारको प्रभावकारिता नदेखिएको आरोप लगाउँदै सांसद साहले अपराधीलाई राष्ट्रिय दिवसमा मुक्त गर्ने परम्परा उचित नभएको बताए । उनले भने, ‘परिवर्तनका लागि भएका आन्दोलन र सङ्घर्षमा जनतालाई गाँस, बास र कपास सुनिश्चित गर्छौ भनियो तर सत्तामा गएपछि नेताका बुद्धिमा बिर्को लाग्यो, सुशासन कायम गर्न तिनको सोच, विचार र आचरण सुध्रिनुपर्छ कानुन कार्यान्वयन हुनुपर्छ ।’

रौतहटबासीसँग गरिएको प्रतिबद्धता कार्यान्वयनलाई मूर्तरूप दिन दृढ सङ्कल्पका साथ आफू अघि बढेको उल्लेख गर्दै सांसद साहले त्यही जगमा उभिएर देशलाई नै समृद्धिका बाटामा हिँडाउन आफूले अरूलाई दबाब र प्रेरणा प्रदान गर्ने विश्वास दिलाए । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति साह कानुन निर्माणका अतिरिक्त निर्वाचन क्षेत्रका प्राथमिकता सम्बोधन गर्नु आफ्नो मूल सङ्कल्प भएको बताउँछन् । प्रत्यक्ष निर्वाचन जितेर आएकाले विधि तर्जुमासँगै निर्वाचन क्षेत्रका समग्र विकास निर्माण र जनताको पीरमर्का सम्बोधन गर्नु आफ्नो पहिलो कर्तव्य भएको उनको ठम्याइ छ । नेता साहले भने, ‘चुनाव लड्दा जनताका माग पूरा गर्छौं भनी विश्वास दिलाएकाले जितेर आएको हुँ । मैले जनतालाई त्यसबेला पढाइ, कमाइ, दबाइ, सिँचाइजस्ता एजेन्डामा प्रतिबद्धता दिलाएको थिएँ ।’ बालबालिकाका लागि गुणस्तरीय शिक्षा, आफ्नै निर्वाचन क्षेत्रमा रोजगारी, ज्येष्ठ नागरिकलाई औषधिसहितको वृद्धाश्रम, किसानका लागि सिँचाइजस्ता विषयमा गरिएको प्रतिबद्धता पूरा गर्न मन्त्रालय जानु र नेतृत्वसँग भेट गर्नुलाई अन्यथा लिन नहुने उनको तर्क छ । सांसद साहले मन्त्री र सचिवको ढोका ढकढक्याएर चालु आर्थिक वर्षमा विभिन्न योजनाका लागि आफ्नो निर्वाचन क्षेत्रमा करिब ३२ करोड रुपैयाँका योजना लैजान आफू सफल भएको उल्लेख गरे । स्वतन्त्र विधायक साहले सांसदलाई मुख्य जिम्मेवारीमा संलग्न गराउन सरकार, सदन र संसदीय समितिले विधेयकमाथिको छलफललाई प्राथमिकता दिँदै निरन्तर बहस चलाउनुपर्नेमा जोड दिए ।

उनले भने, ‘गएको एक साताभित्र विषयगत समितिको बैठक बस्न सदस्यलाई तीन पटक आह्वान गर्‍यौं तर गणपूरक सङ्ख्या नपुगेर स्थगन हुँदै आएको छ । यसले सांसद सदनप्रति जवाफदेही नदेखिएको स्पष्ट हुन्न र !’ पार्टीले संरक्षण गरिहाल्छ भन्ने आडमा हुने यस्ता कार्यलाई निरुत्साहन गर्दै लैजानुपर्ने बताउँदै सभापति साहले भने, ‘यस्ता अवस्थामा विधायकले न कानुन, न नीति, न विकास र समृद्धिलाई नै अघि लैजान सक्छन ।’ सकारात्मक सोच र समयमै जिम्मेवारी पूरा गर्ने सङ्कल्प भएमा मात्र देश बनाउन सकिन्छ भन्दै उनले यस्ता गतिविधिले अनेकौँ समस्या नित्याएको विचार प्रकट गरे । सांसद साहका अनुसार आफूले चुनाव जितेपछि सपथ ग्रहण गर्दैगर्दा राष्ट्रका लागि केही गरौँला भन्ने सोच थियो तर एक वर्षको कार्यकाल हेर्दा धेरै नेता नै भ्रष्टाचार, नातावाद र कृपावादमा जोडिएको देखियो । देश बनाउनेतर्फ कसैको ध्यान देखिएन ।

मानुपातिकका नाममा आफ्ना नातागोतालाई ल्याउने होड चल्यो । अर्थतन्त्र ‘रेड जोन’ मा परेको अवस्था छ । ‘त्यसको समाधानको सट्टा राजनीतिक स्वार्थप्रेरित कयौँ विषय दलीय भागबन्डामा टुङ्ग्याउने प्रयास भइरहेको छ । यस्ता घटनाले नेताप्रतिको ओज कमजोर मात्र नभई लोकतन्त्रको खिल्ली पनि उडेको छ । देशमा भएका कैयौँ घटनाले आफूहरुलाई सांसद र नेता भन्न लाज लाग्ने स्थिति पैदा भएको छ । देश, जनता र निर्वाचन क्षेत्रमा केही गरौँला भन्ने सपना पूरा सकेन । कानुन बनाउँदा देशको दीर्घकालीन हितलाई ध्यान दिनुपर्नेमा बहुमत र अल्पमत पक्ष पो देखियो । यस्ता अवस्थामा सुधार ल्याउन नेताहरू स्वयं सुध्रिन र सच्चिन आवश्यक छ’, उनी भन्छन् । देश बनाउने हो भने सत्ता र प्रतिपक्ष मिलेर न्यायालयदेखि विभिन्न आयोगमा भागबन्डामा भइरहेका राजनीतिक नियुक्ति अन्त्य गरिनुपर्नेमा जोड दिँदै उनले दलको सिफारिसमा नियुक्त व्यक्तिबाट स्वतन्त्र निर्णयको सुनिश्चितता हुनै नसक्ने तर्क गरे । राज्यका संयन्त्रमा हुने नियुक्ति प्रतिस्पर्धा र मेरिटका आधारमा हुनुपर्छ भन्दै नेकपा (माओवादी) का तर्फबाट लामो राजनीति गरेका साहले महत्त्वपूर्ण नियुक्ति र कानुन तर्जुमा गर्दा दलीय घेराभन्दा माथि उठ्नुपर्ने सुझाव दिए ।

एक वर्षको कार्यकालमा दुई÷तीन वटा मात्रै विधेयक पारित हुनु दुःखद् भएको उल्लेख गर्दै उनले समयमा कानुन बन्न नसक्दा प्रदेश र स्थानीय तहले आआफ्नो जिम्मेवारीलाई प्रभावकारी रूपमा अघि बढाउन चुनौती खडा भइरहेको प्रतिक्रिया दिए । उनले मुलुकका बाल सुधार केन्द्रलाई व्यवस्थित गर्न तुरुन्त कानुन संशोधनको आवश्यकता औँल्याउँदै भने, ‘बाल सुधारगृहमा युवा र बालबालिकालाई एकै ठाउँमा राख्दै थप आपराधिक क्रियाकलाप हुँदैआएका छन् ।’ प्रतिनिधिसभा र राष्ट्रियसभा मातहतका समितिमा रहेका तथा लोकतन्त्र र सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण मानिएका विधेयक आगामी संसद् अधिवेशनमा पारित गर्नुपर्ने औँल्याउँदै उनले कानुन निर्माणमा सत्ता र विपक्ष भावना नभई सर्वसम्मति हुनुपर्ने धारणा राखे । नीति र कानुन बनाउने जिम्मेवारी रहेको सार्वभौमसत्ता सम्पन्न संसद्मा सत्ताको भागबन्डा तथा सत्तामा पुग्ने र टिक्ने प्रतिस्पर्धाले मुख्य जिम्मेवारीलाई ओझेलमा पारेको सांसद साहले बताए । उनी भन्छन्, ‘प्रमाणित नै हुन नसक्ने सानो विषयलाई नियतवश फुस्स प्रवेश गराएर सदन अवरुद्ध गराउने चलन देखियो । यस्ता क्रियाकलापले सदन लोकदोहोरी खेल्ने थलो बनेको छ ।’ सदनलाई कसरी प्रभावकारी र परिणाममुखी बनाउने भन्नेतर्फ सबैको ध्यान केन्द्रित हुनुपर्ने औँल्याउँदै उनले कतिपय अवस्थामा सदन र संसदीय समितिका बैठक छाडेर सांसद अरू नै क्रियाकलापमा संलग्न हुने गरेको उदाहरण प्रस्तुत गरे । सांसद साहका अनुसार, संसदीय मर्यादा र गतिविधि बाहिर गएर जनप्रतिनिधि नै बैठकमा प्रस्तूत हुँदा मतदातामा गलत सन्देश प्रवाह हुनसक्छ । यो सांसद र संसद्का लागि सुहाउँदो विषय होइन । उनीहरूले संसद्को गरिमालाई बुझ्नुपर्छ । कतिपय अवस्थामा त्यो देखिन्न । उनले भने, ‘सबैलाई स्वीकार्य हुने कानुन बनाए मात्र राष्ट्रको हित हुन्छ । त्यो भएन भने कार्यान्वयन नहुँदै आन्दोलन हुन्छ अनि लागू गर्न कठिन हुन्छ । सर्वसम्मतिमा कानुन तथा सर्वदलीय आधारमा नीति र कार्यक्रम बनाउनुपर्छ ।’

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन